




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ४ गते मंगलबार ❑ 18 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## जनताको जीवनसँग जोडिन सके मात्र लोकतन्त्र सार्थक हुन्छ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, ३ जेठ**

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जनताको जीवनसँग जोडन र जनतालाई समृद्ध जीवनको प्रत्याभूति गर्न सके मात्र लोकतन्त्र सार्थक हुने बताएका छन्।

जननेता मदनकुमार भण्डारी र नेता जीवराज आश्रितको २८ औँ स्मृति दिवसका अवसरमा आज विज्ञप्ति जारी गर्दै अध्यक्ष ओलीले भण्डारीले प्रतिपादन गरेको ' जनताको बहुदलीय जनवाद'को निरन्तरता रक्षा, कार्यान्वयन र विकास गर्दै जाने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले राष्ट्रियताको सम्वर्द्धन र राष्ट्रिय हिताको रक्षाका लागि अविचलितरूपमा क्रियाशील हुने प्रण गर्दै पार्टीलाई एकताबद्ध, जनआधारित, गतिशील, अनुशासित र मुलुकको नेतृत्वदायी शक्तिका रूपमा स्थापित गर्ने पनि जनाएका छन्।

कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्दै आर्थिक-सामाजिक रूपान्तरण तथा समाजवादको मुख्य संवाहक बनाउने आफूहरूको इमान्दार प्रयास भए पनि कतिपय नेताका विभाजनकारी, अस्थिर र अवसरवादी सोच तथा क्रियाकलापका कारण नेकपा (माओवादी केन्द्र) सँगको एकीकरणको अभियान निष्कर्षमा पुग्ने नसकेको उल्लेख गर्दै अध्यक्ष ओलीले एमालेले उक्त एकीकरणको विरासतलाई अगाडि बढाउँदै नयाँ स्वरूपमा पुनःस्थापित गरी आन्दालनलनई एकीकृत गर्ने अभियानमानिरन्तरलागिरहनेसंकल्प गरेका छन् । दिवसका अवसरमा भण्डारी र आश्रितप्रति श्रद्धाञ्जलि अर्पण गर्दै एमालेका महासचिव एवं उपप्रधानमन्त्री ईश्वर पोखरेलले भूमिगत राजनीतिदेखि खुल्ला राजनीतिसम्म आइपुग्दा जननेता भण्डारीले नेपालको वाम र लोकतान्त्रिक आन्दोलनमा शिखर स्थान बनाउन सफल नेतृत्व गर्नुभएको स्मरण गरेका छन्।

उनले भण्डारीको नेतृत्वमा तत्कालीन समयमा पार्टीले चलाएको अभियानले नेकपा (एमाले) एउटा नयाँ र उदीयमान शक्तिका रूपमा स्थापित भएको र त्यही जगमा पार्टी आज जनतामा लोकप्रिय भएको उल्लेख गर्दै भण्डारीले नै वहुदलीय जनवादको व्याख्या, पार्टी, समाज र राज्यको लोकतान्त्रिकरणको मान्यतालाई अघि सारेर मार्क्सवादलाई नेपालको विशिष्टतामा विकास गर्नुपर्ने मान्यतालाई अघि सार्नुभएको जनाएका छन्।

स्मृति दिवसका अवसरमा आज एमालेको पुरानो केन्द्रीय कार्यालय रहेको स्थान मदननगर बल्खुमा भण्डारी र आश्रितप्रति श्रद्धाञ्जलित दिने कार्यक्रम छ। कोरोना महामारीका कारण खुल्ला कार्यक्रम आयोजना गरिएको छैन। भण्डारी र आश्रितको २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा भएको जीप दुर्घटनामा निधन भएको थियो।

## गण्डकीमा ८५९ संक्रमित थपिए, २४ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ४०८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

२१७ जना पुरुष तथा १९७ जना महिला गरी ४०८ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा एक हजार ६७७ जनाको नमुना परीक्षण गरिएकोमा थप ८५९ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ । कास्कीका ४०८ सहित स्याङ्गजाका ३५ जना,बाग्लुङका ६२ जना, पर्वतका २१ जना, म्याग्दीका ८४ जना, मनाङका पाँच जना, तनहुँका २३ जना, लमजुङका ७९ जना र नवलपुरका १४२ जना गरी प्रदेशका नौ जिल्लामा ४५५ पुरुष तथा ४०४ जना महिलामा कोरोना पुष्टि भएको हो। यो सँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या २९ हजार ४१ पुगेको छ। पछिल्लो २४ घण्टामा २०३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या १९ हजार ९६९ पुगेको छ । पछिल्लो २४ घण्टामा गण्डकीमा थप २४ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। निर्देशनालयका अनुसार कोरोनाबाट मृत्यु हुनेहरु कास्कीका ९ जना, स्याङजाका ५ जना, बाग्लुङका १ जना, तनहुँका २ जना, म्याग्दी १ जना, नवलपुर पूर्वका १ जना, पर्वतका ३ जना, लमजुङका १ जना र गोरखा जिल्लाका १ जना रहेका छन्। योसँगै प्रदेशभर कोरोनाबाट मृत्यु हुनेको संख्या ४ सय ७ पुगेको छ।

## 'संक्रमण घट्न सकेन'

**रासस**
**काठमाडौं, ३ जेठ**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को महामारी नेपालमा केही हप्ता अझै पनि चुनौतिपूर्ण रहने जनाएको छ।

मन्त्रालयले सूचना जारी गर्दै केही हप्ता अझै पनि चुनोतिपूर्ण रहेने सबै संयमित र सहयोग भई एकजुट भएर काम गर्नुपर्ने बताएको छ । मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले स्वास्थ्य क्षेत्र दिनरात कोभिड-१९ विरुद्धको लडाईंमा लागि पर्दा पनि सङ्क्रमण जति घटनुपर्ने हो त्यति घट्न नसकिएको बताएका छन् । उनले विवाह, व्रतबन्ध, चौरासी पूजा जस्ता सामाजिक कार्य र भेला, उद्घाटन जस्ता राजनैतिक कार्यको नाममा हुने ठूला जनमानस सङ्क्रमणको कारण रहेको उल्लेख गरे। उनले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि जारी गरिएका जनस्वास्थ्यका मापदण्ड लागु नगरिएको सङ्क्रमण बढिरहेको जनाए। मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड र निषेधज्ञा पालना गर्न आग्रह गर्नु भएको छ। उनले निषेधज्ञाको समयमा अझै पनि मानिसहरु आवतजावल ५९ प्रतिशत मात्र कमि आएको भन्दै आवतजावतलाई पूर्णतया रोक लगाउनुपर्ने बताए। जनजीवनमा कठिनाई पर्न गए पनि हामीसंग संक्रमण रोकथाम, नियन्त्रण, तयारी, सहकार्य समन्वय आदिका लागि गरिएको निषेधज्ञाको अझै पनि बुझी नबुझी लुकीछिपि वा खुल्मखुल्ला उल्लङ्घन भइरहेको देखिन्छ उनले जारी गरेको सूचनामा भनिएको छ।

यस्तै कोरोना भाइरस विरुद्धको लडाई मन्त्रालयको एक्लैको नभई सवैको भएको भन्दै यसको रोकथाम, उपचार र नियन्त्रणमा सवैको सहयोग हुनुपर्ने बताए । मन्त्रालयको अनुसार मोरङ, काठमाडौँ, रुपन्देही, काभ्रे, ललितपुर, भक्तपुर, मोरग, कैलाली, कास्की, बाँके, दाङ, चितवन, सुर्खेत, झापा, कन्चनपुर, मकवानपुर, धनुषा, सुनसरी, पर्सा, बर्दिया र पाल्पा बढी सङ्क्रमणको उच्च जोखिम रहेको जनाएको छ । सोमबार मात्र नेपालमा नौ हजार २४७ जना सङ्क्रमित, २१४ को निधन र पाँच हजार ७६७ निको भई घर फर्किएका छन्।

यस्तै २४ घण्टामा थप २१४ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ। यससँगै देशभर कोरोनाबाट ज्यान गुमाउनेको संख्या ५२१५ पुगेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार देशभर कोरोनाको सक्रिय संक्रमितको संख्या १ लाख १३ हजार ४८० रहेको छ भने देशभर कोरोना संक्रमितको कुल संख्या ४ लाख ६४ हजार २१८ पुगेको छ। यस्तै भने निको हुने संख्या ३ लाख ४५ हजार ५२३ रहेको पनि मन्त्रालयले जनाएको छ।

## शपथ बदरको माग गर्दै सर्वोच्चमा चार रिट

**रासस**
**काठमाडौं, ३ जेठ**

प्रधानमन्त्री केपी शर्मा ओलीले लिनुभएको पद तथा गोपनीयताको शपथ बदरको माग गर्दै सर्वोच्च अदालतमा चार वटा रिट निवेदन दर्ता भएका छन्।

वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली, अधिवक्ताहरु लोकेन्द्र ओली, नवराज अधिकारी, सन्तोष भण्डारी, राजकुमार सुवालले छुट्टाछुट्टै चार वटा रिट निवेदन दर्ता गरेका हुन् । उक्त निवेदनमाथिको सुनुवाइ मङ्गलबार तोकिएको छ । रिट निवेदनमा प्रधानमन्त्री ओलीले लिनुभएको शपथमा केही शब्दहरु उच्चारण नै नभएको, जुन कार्य गैरसंवैधानिक भएको र आफूअनुकुल शब्द प्रयोग गरी शपथ ग्रहण गर्न नमिल्ने उल्लेख छ । निवेदनमा सङ्घीय संसद्का सदस्य नै नभएका तर मन्त्रीको रुपमा शपथ ग्रहण गर्नुभएका सात जनाको नियुक्ति अन्तरिम आदेशद्वारा बदर गर्न समेत माग गरिएको छ।

रिट निवेदनमा सङ्घीय संसद्को सदस्य नभए पनि प्रतिनिधिसभाको एउटै कार्यकालमा दोहोऱ्याएर मन्त्री बनाइएका सात जनाको नियुक्ति बदर हुनुपर्ने माग गरिएको छ । रिट निवेदनमा राष्ट्रपति विद्यादेवी भण्डारीले शपथ ग्रहण गराउँदा प्रधानमन्त्री ओलीले 'प्रतिज्ञा गर्छु' भन्ने शब्दावलीलाई 'त्यो पर्दैन' भनेर वाचन गर्दा राष्ट्रपति संस्थाप्रति मानमर्दन भएको जनाइएको छ।

रिट निवेदनमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृहमन्त्री रामबहादुर थापा, उर्जा, जलस्रोत र सिँचाईमन्त्री टोपबहादुर रायमाझी, उद्योग वाणिज्य र आपूर्तिमन्त्री लेखराज भट्ट, शहरी विकासमन्त्री प्रभु शाह, खानेपानी तथा सरसफाई मन्त्री मणिचन्द्र थापा, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गौरीशङ्कर चौधरी र युवा तथा खेलकुदमन्त्री दावा तामाङलगायत विपक्षी रहेका छन्।

## जसपाका चार सदस्यलाई कारवाही गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

**रासस**
**काठमाडौं, ३ जेठ**

सर्वोच्च अदालतले लुम्बिनी प्रदेशसभाका तत्कालीन चार सदस्यलाई कारवाही गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश जारी गरेको छ।

न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले जनता समाजवादी पार्टी नेपाल (जसपा) बाट निर्वाचित चार सदस्यलाई पदमुक्त गर्ने प्रदेशसभा सचिवालयको निर्णय संविधान र कानूनसम्मत नभएको ठहर गर्दै उक्त निर्णय कार्यान्वयन गर्न आदेश जारी गरेको हो । अदालतको आदेशले जसपाका चार प्रदेशसभा सदस्यको पदबहाली भएको छ।

निष्काशन गर्नुअघि पार्टीले स्पष्टीकरण पेश गर्ने मौका प्रदान गरेको भन्ने निवेदन तथा मिसिल संलग्न कागजातबाट देखिन नआएकाले संसदीय दलका सदस्यबाट निष्काशन गर्दा सम्बन्धित दलले अनिवार्य सफाइ मौका दिनुपर्ने भए पनि प्राकृतिक न्यायको विपरीत कारबाही गरेको देखिन आएको आदेशमा छ । लुम्बिनी प्रदेशसभाका सभामुखबाट प्रदेशसभा सदस्यबाट निष्काशन हुने निर्णय गरी सूचना प्रकाशन भएको देखिँदा सुविधा र सन्तुलनको दृष्टिले दुवैबीच छलफल गर्नुपर्ने भएकाले गत वैशाख १६ गतेको निर्णय यथास्थितिमा राख्न आदेशमा भनिएको छ । जसपाका तत्कालीन प्रदेशसभा सदस्य सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डेयले आफूहरुलाई पार्टीबाट कारवाही गरी हटाएको निर्णयविरुद्ध आइतबार अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

उक्त प्रदेशमा मुख्यमन्त्री शङ्कर पोखरेलविरुद्धको अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेर पनि सरकारमा सहभागी भएको जनाउँदै पार्टीले निजहरुलाई सदस्यबाट हटाएको थियो । अविश्वासको प्रस्ताव दर्ता भएपछि जसपाका चार सदस्यले मन्त्रीको शपथ लिएका थिए।

## भेन्टिलेर, अक्सिजन र औषधिको व्यवस्था गर्न अन्तरिम आदेश

**रासस**
**काठमाडौं, ३ जेठ**

सर्वोच्च अदालतले कोरोना भाइरस संक्रमितलाई आवश्यक पर्ने भेन्टिलेर, अक्सिजन र औषधिको व्यवस्था गर्न अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले आज उक्त आदेश जारी गर्दै कोरोना भाइरसको संक्रमण भएको व्यक्ति उपचार नपाएर मर्ने अवस्था आउन नदिनका लागि कोभिडको उपचार हुने भनिएको कुनै पनि अस्पतालमा सघन उपचार कक्ष तथा भेन्टिलेटरको व्यवस्था गर्न भनेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं गृह, स्वास्थ्य तथा जनसंख्या, कानून, न्याय तथा संसदीय मामिला र अर्थ मन्त्रालयलाई विपक्षी बनाई अधिवक्ता मनीषकुमार श्रेष्ठले आइतबार दायर गरेको रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइमा उक्त आदेश जारी भएको हो । "हरेक अस्पताल तथा स्वास्थ्य संस्थामा पर्याप्त मात्रा विशेषज्ञ पठाई उचित उपचारको व्यवस्था गर्नू,आइयियू तथा भेन्टिलेसनको प्रयोग गर्नका लागि विशेषज्ञको ब्यवस्था गर्नू", आदेशमा भनिएको छ, "त्यतिकै थन्किएर रहेका आइसियू तथा भेन्टिलेसन मेसिनहरुलाई चुस्त र दुरुस्त बनाई प्रयोगमा ल्याउनू।"

## अरब सागरको चक्रवातबाट मौसममा बदली

**रासस**
**काठमाडौं, ३ जेठ**

हाल पूर्वीमध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात ताउकतेका कारण मंगलबारदेखि देशका धेरै स्थानमा सामान्यदेखि पूर्ण बदलीको सम्भावना छ।

चक्रवातको प्रत्यक्ष प्रभाव नेपालमा नपरे तापनि अप्रत्यक्ष असर देखिने मौसम जल तथा मौसम विज्ञान विभाग, पूर्वानुमान महाशाखाले जनाएको छ । चक्रवात अझ विकसित हुने क्रममा रहेको र हाल उत्तर-उत्तरपश्चिमतिर बढ्ने क्रममा छ । बुधबार बेलुकादेखि शुक्रबारसम्म कर्णाली, सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । नेपालमा चक्रवातको अप्रत्यक्ष प्रभाव मात्र रहने तथा ठूलो वर्षा र हावाहुरीको सम्भावना नरहेको महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले जानकारी दिए। चक्रवातको प्रभाव शुक्रबारसम्म रहने बताइएको छ । मुलुकभर यस याममा प्रिमनसुनको गतिवधिका कारण मेघगर्जन/चट्याङ /हावाहुरी र असिनापानीको समेत सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । महाशाखाले यस अवधिमा उच्च हिमाली भूभागमा पर्वतारोहण नगर्न तथा नगराउनसमेत अनुरोध गर्दै चक्रवातलाई निरन्तर अनुगमन गरिएकाले मौसम अद्यावधिक गरिरहन सबैमा आग्रह गरेको छ।

## सर्प संरक्षक महेन्द्र कतिलाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ जेठ**

कोभिड-१९ ले सर्प संरक्षणकर्मी महेन्द्र कतिलाको ज्यान लिएको छ । सर्प संरक्षणको क्षेत्रका चर्चित हस्तीको कोभिडकै कारण सोमबार ज्यान गएको पोखरा ३ का वडाध्यक्ष रविन्द्रबहादुर प्रजुले जानकारी दिएका छन्।



कतिलाले २ दिनअघि फेसबुक स्टाटसमा आफू संक्रमित भएको जानकारी दिएका थिए । उनले लेखेका थिए, 'लापरवाही नगर्नुस् है, बढो कष्ट पो हुँदोरहेछ कोरोना पोजेटिभ भएर बस्नुपर्दा ।' स्टाटस लेखेको २ दिनपछि नै चितवन क्यान्सर अस्पतालमा उनको निधन भयो। कतिला सर्प संरक्षण समाजका अध्यक्ष पनि थिए । पोखराको भैरवटोलमा जन्मेका कतिला सर्पलाई मान्छेभन्दा जाती ठान्थे।




# पोखराको भलाममा 'एक घर, एक धारा' अभियान

– हरि बाँस्तोला
पोखरा, ३ जेठ



विगत लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका पोखरा महानगरपालिका-२० भलामस्थित खोर, लाकुरे, सैनिक बस्ती, खोरिया भण्डारी गाउँ, भलाम फाँट चालिसेका घरघरमा पानीका धारा आउने भएपछि स्थानीयवासी खुशी छन् ।

गण्डकी प्रदेश सरकारको 'एक घर, एक धारा' अभियानअन्तर्गत रु ९० लाख ७० हजारको लागतमा निर्माण गरिने इक्राधारी बिचारी खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेसँगै यहाँका स्थानीयवासीको लामो समयदेखिको चाहना पूरा हुने भएको हो । विश्वव्यापी फैलिएको कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सरकारले गरेको बन्दाबन्दीमा निर्माण कार्यले निरन्तरता पाएसँगै हाल योजना अन्तिम चरणमा आइपुगेको चित्राघारी बिचारी खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष तुलसीप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार बस्तीभन्दा इक्राघारी बिचारी पानी भलाम खोलाको मुहान एक हजार ७०० मिटर टाढा जङ्गलको स्रोतबाट दुई इन्चको पाइपमार्फत ल्याइएको पानी जुकेपानी खोरस्थित निर्मित ५० हजार क्षमताको पानी ट्याङ्कीमा सङ्कलन गरिएको छ । उक्त ट्याङ्कीबाट भण्डारी टोलमा ३० हजार र खोरमा ३० हजार लिटर क्षमताका छुट्टाछुट्टै दुईवटा ट्याङ्कीमा सङ्कलन गरी उपभोक्ताको घरघरमा पानी वितरण गर्ने अन्तिम तयारी छ । "कोरोना कहरका बाबजुद २०७६ जेठमा शुरु गरेको योजनाको काम कुनै दिन पनि रोकिएन", उहाँले भन्नुभयो, "एक वर्षको अवधिमा निर्माण सम्पन्न गर्ने यस आयोजनाबाट खोरलगायत ९५ घरका लगभग ५०० परिवारलाई शुद्ध खानेपानीको सुविधा पुग्नेछ ।"

स्रोतबाट सङ्कलन गर्ने तीनवटै ट्याङ्कीमा पानी भरिसकेको छ । योजनाको सम्झौताअनुसार वितरण लाइन विस्तारका लागि जनसहभागिता परिचालन गरिने कार्यक्रमअन्तर्गत यतिखेर पाइप विस्तारको काम भइरहेको छ । तीन हजारभन्दा बढी मिटर लम्बाइमा वितरण पाइप विस्तारको काम तीव्र गतिमा भइरहेको छ । तोकिएकै समयमा योजना निर्माण सम्पन्न भई स्थानीय बासिन्दाले खानेपानीको सुविधा पाउनेछन्", उहाँले भन्नुभयो, "जङ्गल बीचको पानी आगामी असार महिनासम्म घरघरमा जडान गरिएका धाराबाट झर्ने लक्ष्य रहेकामा कोरोनाको दोस्रो भेरियन्टका कारण भएको बन्दाबन्दीले ढिलो हुने हो की भन्ने चिन्ता बढेको छ ।" नेपाल रेडक्रस सोसाइटी र लायन्स क्लबद्वारा विगत झण्डै चार दशकअघि निर्माण गरिएको योजनाबाट टोलटोलमा सामूहिक धारा जडान गरी खानेपानीको व्यवस्था गरिएको भए पनि जीर्ण पाइप र तीव्ररूपमा भएको वस्ती विकासका कारण पानीको अभाव भएका कारण नयाँ योजनाको माग गरिएको समितिका सचिव प्रजापति पाण्डे बताउनुहुन्छ । करीब सात घरको बीचमा निर्माण गरिएको सानो ट्याङ्कीबाट पाइप विस्तार गरेर अस्थायीरूपमा घरमा पानी लगेपछि कतिपयले भने गाग्री डोकोमा राखेर बोकेर लगी निर्माण गर्दै आएको जनाउँदै उहाँले बर्सातको समयमा पानी प्रशस्त भए पनि फागुन, चैत र वैशाख लगभग तीन महिना भने पानीको स्रोत कम हुने गरेको बताउनुभयो ।

उपभोक्ता समितिका कोषाध्यक्ष्य माया जिसीले योजना सम्पन्न भएसँगै प्रत्येक घरमा धाराको मिटर जडानसहितको सम्पूर्ण निर्माण कार्य खानेपानी तथा सरसफाइ कार्यालय स्याङ्जाले गर्ने योजनाअनुसार काम भइरहेको बताउनुभयो । प्राकृतिक थुम्की निर्माण सेवाले जिम्मा लिएको सो योजनाबाट कूल १२० सम्म धारा जडान गरी सञ्चालन गर्ने क्षमता छ । योजना सम्पन्न भएसँगै खानेपानी वितरणलाई व्यवस्थित गर्नका लागि कार्यालय भवनसमेत निर्माण गरिएको छ । भवन निर्माणका लागि आवश्यक जग्गा स्थानीयवासी जसुका पौडेलले निःशुल्क उपलब्ध गराउनुभएको हो । भवन परिसरमा परम्परागत रूपमा उपयोग गरिएको तोरी पेल्ने कोलु, कुटानीपिसानीका साधन ढिकी र जाँतोसमेत स्थापना गरी संरक्षणका साथै प्रदर्शन गर्ने योजना रहेको अध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

पोखरा-२० का वडाध्यक्ष सिम गुरुङका अनुसार वडाले खानेपानीका लागि पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको छ । इक्राघारी बिचारी खानेपानी योजना सम्पन्न भएसँगै सो क्षेत्रका बासिन्दालाई शुद्ध खानेपानीको सुविधा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले विगतमा पानीको व्यवस्थापन गर्नका लागि शुरु गरिएका विभिन्न तीनवटा योजनालाई मर्ज गरेर प्रदेश सरकारको योजनामा पारिएको सो योजनाबाट खानेपानीको चरम अभाव रहेको सो बस्तीमा पानीको सुविधा पुगेको छ । भलामको च्यालेचौरको केही टोलमा पनि स्रोत पहिचान गरी खानेपानीको व्यवस्था गर्ने योजना रहेको उहाँको भनाइ छ ।



शव व्यवस्थापनको तयारीः तनहुँको देवघाट गाउँपालिका-५ निवासी एक महिलाको कोरोनाबाट मृत्यु भएपछि सोमबार शव व्यवस्थापनको तयारी गरिँदै । आइतबार राति मृत्यु भएकी महिलाको सोमबार प्राप्त रिपोर्टमा कोरोना पुष्टि भएको थियो । तस्वीर : कृष्ण न्यौपाने/ रासस

# भारतमा कोभिड-१९ का दैनिक संक्रमित तीन लाखबाट घटे

रासस
काठमाडौं, ३ जेठ

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट ठूलो मानवीय सङ्कट झेलिरहेको भारतमा विगत २४ घण्टामा थप दुई लाख ८१ हजार ३६८ जना सङ्क्रमित थपिएका छन् ।

यो संख्या गत अप्रिल २१ तारिख पछिकै सबैभन्दा कमी भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ८१ हजार ३६८ जना नयाँ संक्रमित भेटिएका हुन् ।

सो मन्त्रालयले यहाँ अघिल्लो अप्रिल महिनाको २१ तारिखपछि हरेक दिन चार लाभन्दा बढी नै मानिस सङ्क्रमित भएकोमा पछिल्ला केही दिनमा यो संख्या घट्दै गएको देखिएको हो । त्यसैगरी यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीमा गएको २४ घन्टा यता यहाँका चार हजार १०६ जनाको यो कारोना सङ्क्रमणबाट मृत्यु भएको छ । सोमबार सार्वजनिक भएको यो तथ्याङ्कसँगै भारतमा कोरोना भाइरसको सङ्क्रमणबाट अहिलेसम्म दुई लाख ७४ हजार ३९० जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ सङ्क्रमितको कूल संख्या दुई करोड ४९ लाख ६५ हजार पुगेको छ जसमध्ये दुई करोड सात लाख ९५ हजार व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । भारतमा गत जनवरीमा कोभिड-१९ विरुद्धको खोप लगाउन शुरु गरेको थियो । हालसम्म १८ करोड २२ लाख व्यक्तिलाई खोप दिइएको मन्त्रालयले जनाएको छ । गत मे १ देखि भारत सरकारले १८ वर्षभन्दा माथिको उमेरका सबै व्यक्तिलाई खोप दिने योजना अघि सारे पनि पर्याप्त खोप उपलब्ध नहुँदा सहजरुपमा खोप अभियान अघि बढ्न सकेको छैन । भारतमा सङ्क्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ । सङ्क्रमित अत्यधिक देखिएका दिल्ली, मुम्बईसमेतका शहरमा राज्य सरकारले लकडाउन, प्रतिबन्ध, कर्फ्यु लगाएका छन् ।

पछिल्ला केही दिनमा कोभिडका सङ्क्रमितको सङ्ख्या बढेसँगै ठूलो सङ्कट बढ्दै गएको छ । यो सङ्कटको सामना गरिरहेको भारतमा हाल अक्सिजनको आपूर्ति र अत्यावश्यक औषधि तथा अस्पतालमा अत्यावश्यक सेवाको पनि चरम अभाव भएको छ ।

# मनाङमा रोकिएका विदेशी पर्यटकको उद्धार

रासस
मनाङ, ३ जेठ

नयाँ भेरियन्ससहितको कोरोना महामारीका कारण हिमालपारिको जिल्ला मनाङमा रोकिएर रहेका पर्यटकलाई उद्धार गरिएको छ । महामारीले जिल्लामा सङ्क्रमितको सङ्ख्या बढ्दै गएका बेला अन्नपूर्ण पदमार्गमा आएका पर्यटकको खोजी गर्दै फिर्ता पठाउने गरिएको छ ।

केही दिनअघि मात्रै जिल्लाभित्र विभिन्न देशका पर्यटक रोकिएको जानकारी पाएसँगै जिल्ला प्रशासन कार्यालयले उनीहरूको खोजी कार्य थालेको थियो । कुन ठाउँमा कति पर्यटक छन् र उनीहरूको अवस्था कस्तो छ भन्ने सम्बन्धमा अन्नपूर्ण संरक्षण क्षेत्रसँग पर्यटकको तथ्याङ्क लिइएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले बताउनुभयो । उहाँका अनुसार अन्नपूर्ण संरक्षण क्षेत्रको तथ्याङ्कमा जिल्लाभित्र २२ विदेशी नागरिक रहेका र उनीहरूलाई फिर्ता पठाउने काम भइरहेको उहाँले जानकारी दिनुभयो । हालसम्म २२ मध्ये १० पर्यटकलाई उद्धार गरिएको छ भने अन्य बाँकी पनि फिर्ता पठाउने काम भइरहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्रका प्रमुख लेखनाथ गौतमका अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्रको समन्वयमा ङिस्याङ गाउँपालिकाबाट पाँचजना फिस्टेल एयरबाट काठमाडौँ तथा पाँच जनालाई बलेरो जीपबाट पोखरा पठाइएको हो । ङिस्याङ गाउँपालिकाको गाउँमा १४, खाङ्सार तिलिचो बेसक्याम्पमा चार, ङावोलगाउँमा तीन र पिसाङ गाउँमा एकजना गरी जम्मा २२ विदेशी पर्यटक यस जिल्लामा रोकिएका थिए ।

अब जिल्लामा १२ पर्यटक बाँकी रहेका अन्नपूर्ण संरक्षण क्षेत्रका प्रमुख गौतमले बताउनुभयो । "यहाँबाट हिजो मात्रै जर्मनी, इजरायली, नेदरल्यान्ड, आइरिस र फ्रान्सका नागारिकलाई फिस्टेल हेलिकोप्टरबाट काठमाडौँ पठाइएको छ, केही पर्यटकलाई जिल्ला प्रशासन कार्यालयले सवारी पास बनाई पोखरा पठाएको छ, एकदुईजना आफैँ हिँडेर लमजुङतर्फ गएका पनि छन्", उहाँले भन्नुभयो । अन्य जिल्लामा निषेधाज्ञा भए पनि यहाँ भएको छैन । जिल्लामा नेपाल सरकारको स्वास्थ्य मापदण्ड पालना गर्दै हिँड्डुल जारी छ ।

वैशाखमा १४४ पुरुष र ९७ महिला गरी २४१ विदेशी पर्यटक जिल्ला भित्रिएका थिए । त्यस्तै १९७ ले थोरङ्ला पास गरी मुस्ताङ पुगेका छन् भने १० जना मनाङबाट फर्किएका छन् । नेदरल्यान्डका नागारिक सङ्क्रमित भेटिएपछि मात्र जिल्ला प्रशासन कार्यालयले जिल्लाभित्र रहेका विदेशी पर्यटकको खोजी गर्न थालेको हो । अन्नपूर्ण संरक्षण क्षेत्रले तथ्याङ्क उपलब्ध गराएसँगै यहाँ रहेका पर्यटकको खोजी गरी उनीहरूको इच्छाअनुसार जिल्ला प्रशासन कार्यालयले सवारी पास बनाई गन्तव्यसम्म पठाउने काम गरिरहेको प्रजिअ लामिछानेले बताउनुभयो । उहाँका अनुसार केही पर्यटक यहाँ नै बस्न चाहेकाले उनीहरूलाई सुरक्षित साथ रहन आग्रह गर्दै जिल्लाबाहिर जान चाहनेलाई सवारी पासको व्यवस्था गरिएको हो । विदेशी नागरिक अन्नपूर्ण क्षेत्रमा रहेका चेक पोष्टमा परमिट दर्ता गरेर आउने भए पनि अहिलेको अवस्थामा कतिपय दर्ता नभएका पनि रहेको अन्नपूर्ण संरक्षण क्षेत्रले जनाएको छ । कतिपय पर्यटक विना गाइड प्रवेश गरेको संरक्षण क्षेत्रका प्रमुख गौतमले बताउनुभयो । "हाम्रो ठाउँठाउँमा चेक पोष्ट छ, चेक पोष्टमा दर्ता भएकाको तथ्याङ्क हामीसँग हुन्छ तर दर्ता नभएकाको तथ्याङ्क नहुँदा समस्या आउने गरेको छ", उहाँले भन्नुभयो । दुई भारतीय नागारिक, तीन इजरायली तथा अन्य फ्रान्स, नेदरल्यान्ड र ब्रिटिस नागरिक रहेका अन्नपूर्ण संरक्षण क्षेत्रले जनाएको छ । हालसम्ममा १० पर्यटकको उद्धार भइसकेको छ भने अन्य १२ जनालाई पनि उद्धार गरी गन्तव्यसम्म पुर्‍याइने अन्नपूर्ण संरक्षण क्षेत्रले जनाएको छ ।


## जनहितमा जारी जरुरी सूचना

वन्यजन्तुको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । साँझ तथा रातको समयमा अति आवश्यक काम वाहेक अन्य कामका लागि वन क्षेत्र वरपर हिँडडुल नगरौं । हिड्नै परे समूहमा हिडौं । घरको कम्पाउण्ड तथा मूल ढोका राम्रोसँग बन्द गरी वन्यजन्तुको सम्भावित आक्रमणबाट आफ्नो परिवार तथा पशुधनको सुरक्षा गरौं ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
सम्पर्क नः ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
इमेलः moitfe4@gmail.com



नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# अटेरी प्रबृत्ति

तीन दिनदेखि कोरोना संक्रमित र मृत्यु हुनेको संख्या घट्दै आएको र कोरोना संक्रमण मुक्त हुनेको संख्या बढ्दै जाँदा संक्रमण घट्ने अनुमान फेल खाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार विगत २४ घण्टामा मात्र ९ हजार२ सय ४७ जना संक्रमित छन । २४ घण्टामा २ सय १४ जनाको मृत्यु भएको छ । नेपालमा हालसम्म १ लाख १३ हजार ४८० जना सक्रिय संक्रमित छन । देशका ७४जिल्लामा निषेधाज्ञा जारी हुँदापनि कोरोना संक्रमण बढ्नु चिन्ताको विषय हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले थप केही साता नेपालका लागि चुनौतीपूर्ण हुने बताएको छ ।

सोमबार मन्त्रालयले सूचना गर्दै आगामी केही साता नेपालका लागि चुनौतीपूर्ण समय रहेको जनाएको छ । 'अबका केही हप्ता अझै पनि चुनौतीपूर्ण रहेकाले हामी सबै संयमित र सहयोगी भई एकजुट भएर कामहरू गर्नुपर्ने देखिन्छ,' सूचनामा भनिएको छ । मन्त्रालयले निषेधाज्ञाको पूर्ण पालना नभएको भन्दै मानिसहरूको आवतजावतमा ५९ प्रतिशत मात्र कमी पाइएको जनाएको छ । साथै, सरकारले बढी जोखिम रहेको भनेर सूचीकृत गरेको ठाउँमा समेत मानिसहरू खुलेआम हिँडिरहेको भन्दै जनस्वास्थ्यको मापदण्डलाई कडाइका साथ पालना गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

अहिलेको अवस्थामा स्वास्थ्यकर्मीहरू पूरा खटिँदा पनि जति संक्रमण घट्नुपर्ने हो त्यति नघटेको भन्दै थप सतर्क रहन मन्त्रालयको सुझाव छ । कोरोना भाइरसको चेन ब्रेक गर्न निषेधाज्ञा जारी गरिएको हो । जमघट हुन नदिन, मेला, जात्रा, विवाह, भोज भतेर नगर्न र सामाजिक दुरी कायम गर्न सरकारले गरेको आग्रहलाई नमान्दा अहिलेको स्थिति आएको हो । सरकारले खोपको ब्यवस्थापन गर्न नसक्दा नागरिकमा भयको अवस्था छ । खोपका लागि गरिएको पहल पर्याप्त छैन । नागरिकले मास्क नलगाई हिड्ने, भिडभाड गर्ने, स्वास्थ्य मापदण्ड पालना नगर्ने अटेरी प्रबृत्ति छ । स्वास्थ्य मापदण्ड पालना गराउने ,खोपको ब्यवस्था गर्ने हो भने संक्रमण कम हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शारिरीक झमेला |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चक्रवातले पर्वतारोहण प्रभावित

रासस
काठमाडौं, ३ जेठ

मौसम खराबीका कारण सगरमाथासहितका विभिन्न हिमाल आरोहण प्रभावित भएको छ । हाल पूर्वीमध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात ताउकतेका कारण नेपालको हिमाल आरोहण प्रभावित भएको हो ।

मौसम बिग्रिएपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागले आरोहीलाई सजकता अपनाउँदै सुरक्षित रहन आग्रह गरेको छ । विभागका निर्देशक मीरा आचायले हिमालमा रहेका पर्यटकलाई सजग गराउन र सुरक्षित राख्न एक्सिपिडिशन एजेन्सीलाई अनुरोध गर्नुभएको छ । अहिले धेरै आरोही आरोहणानुकूल मौमसको प्रतीक्षामा सगरमाथाको आधार शिविरमा छन् । गत वैशाख २४ देखि सगरमाथाको व्यावसायिक आरोहण शुरु भएको थियो । यस मौसमी प्रणालीले आज दिनभर देशका अधिकांश भागमा बदली गरायो । मंगलबारदेखि अझ असर पर्नेछ । चक्रवातको नेपालमा प्रत्यक्ष असर नरहे पनि अप्रत्यक्ष देखिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । चक्रवात हाल उत्तर-उत्तरपश्चिमतिर बढ्ने क्रममा छ ।

# कोरोनाको पीडा : बिरानो लाग्दै आफ्नै गाउँ टोल

– ध्रुवसागर शर्मा
म्याग्दी, ३ जेठ

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय वेदप्रसाद उपाध्याय घरबाट बाहिर ननिस्किएको दुई हप्ताभन्दा बढी भयो । त्यसअघि गाउँमा घुमेर खैखबर लिने र दौँतरी तथा छिमेकीहरूसँग गफिएर समय व्यतित गर्ने गरेका उपाध्यायलाई अहिले चौबीसै घण्टा घरभित्र सीमित भएर बस्नु पर्दा निकै सकस भएको छ ।

सामाजिक र राजनीतिक काममा निकै व्यस्त रहने गर्नुभएका नेपाली कांग्रेस म्याग्दीका सचिव क्याप्टेन मीनबहादुर कार्की पनि एकान्तवास बसेका ठ्याक्कै १० दिन भयो । कोरोनाको लक्षण देखिएपछि गत वैशाख २४ गतेदेखि आफ्नै घरमा एकान्तबास बस्नुभएका क्या कार्कीको स्वाब परीक्षणको रिपोर्ट त नेगेटिभ आयो तर राजनीतिक र सामाजिक काममा सरिक हुने अवस्था भने रहेन । उपाध्याय र कार्की मात्रै होइन अहिले म्याग्दीका प्रायः सबै मानिस घरभित्र नै छन् । दोस्रो लहरको नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमणबाट जोगिन लामो समयसम्म घरभित्र नै सीमित रहनुपर्दा एकाकी मनस्थिति बनेको धेरैको भनाइ छ ।

"आफ्नै गाउँ टोल नै बिरानो लाग्न थाल्यो, वल्लो पल्लो घरमा रहेका दाजुभाइ, छरछिमेकीको हाल खबर के छ भन्ने बुझ्न पनि फोन गर्नुपर्ने अवस्था आयो", बगरफाँटका ६५ वर्षीय पदमपाणि शर्माले भन्नुभयो, "बाबु बाजेको पालामा पनि नसुनिएको र आफ्नो बूढेसकालमा पहिलो पटक भोग्नुपरेको यो परिस्थितिको अन्त्य कहिले हुने होला खै ?"

गाउँले जीवनको मौलिकता भनेकै अर्म-पर्म, सरसापटी, अँचोपैँचो र झाराश्रमदान हो । प्रत्यक्षरूपमा भेट भएर सुखदुःखका कुरा गर्ने, साह्रोगाह्रो पर्दा सरसहयोग गर्ने, परालबाट बुनेका गुन्द्रीमा बसेर गफिँदै चिया पिउने, जाडोमा पहार ताप्दै र गर्मीमा चौतारी वा शीतल ठाउँमा बसेर घरव्यवहार, छोराछोरीका कुरादेखि लिएर राजनीति हुँदै देशविदेशका विषयमा समेत छलफल र कुराकानी गर्ने ग्रामीण जीवनको विशेषतामय सौन्दर्य अहिले खोसिएको स्थानीय बूढापाकाहरू बताउँछन् ।

अहिलेको अवस्था वाध्यात्मक भएको र आफ्नै सुरक्षाका लागि यो सकस सहनुपरेको पनि उनीहरूलाई राम्रैसँग थाहा छ । "आफ्नै सुरक्षाका लागि हो, कोरोनाको औषधि भने पनि उपचार भने पनि यही सम्पर्कविहीन पद्धति रहेछ, त्यसैले पट्यार लागे पनि, अत्यास लागे पनि सुरक्षित त रहनु नै पऱ्यो", स्थानीयवासी खड्गबहादुर थापाले भन्नुभयो, "घरमा बस्दाबस्दा पट्यार त लाग्छ नि, तर के गर्नु यो बाहेक सुरक्षित रहने अर्को उपाय पनि त केही छैन ।"

"खेतबारीमा हरियाली छाएको छ । हावा चल्दा मकैका पात बज्छन् । वन जङ्गलमा कोइली कराउँछ । मकै गोड्ने समय भएकाले खेतमा अलिअलि मात्र खेताला देखिन्छन् ।समयसमयमामोबाइलको घण्टी बज्दा हुने कुराकानी र घरका सदस्यबाहेक अरुसँग प्रत्यक्ष दोहोरो संवाद नभएको धेरै भएको छ", थापाले भन्नुभयो, "कस्तो समय आयो, आफ्नै गाउँ, आफ्नै ठाउँ र आफन्तहरू नै बिराना पो लाग्न थाले ।" अहिले म्याग्दीका छ वटै स्थानीय तहमा कोरोना सङ्क्रमण भुसको आगो जस्तै गरी फैलिएको छ ।

एक लाख १३ हजार जनसङ्ख्या रहेको म्याग्दीमा आइतबार साँझसम्म ४२० भन्दा बढी सक्रिय सङ्क्रमित रहेको स्वास्थ्य कार्यालय म्याग्दीले जनाएको छ । गण्डकी प्रदेशको 'हटस्पट' बनेको म्याग्दीको एउटै बस्तीमा ३५ जनाभन्दा बढी सङ्क्रमित भेटिएपछि स्थिति भयावह बन्दै गएको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् ।

वैशाखमा मात्रै म्याग्दीका १६ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन् भने आइतबार पोखरामा उपचाररत म्याग्दीका एक व्यक्तिको मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । समुदायस्तरमा कोरोना फैलिनुमा विवाह, ब्रतवन्धलगायतका धार्मिक कार्य, मृत्यु संस्कार र ती कार्यमा हुने भीडभाड नै मुख्य कारण रहेको ठहर गरिएको छ । ती कार्यलाई रोक्न वा कम गर्न स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरिसकेको छ ।

# हिमाल आरोहण प्रभावित, सुरक्षित रहन मौसमविद्को सुझाव

रासस
काठमाडौं, ३ जेठ

अरब सागरमा विकसित भएको सामुद्रिक आँधीको प्रभावका कारण सगरमाथासहितको हिमाल आरोहण प्रभावित भएको छ । मौसम अनुकूल नहुँदा बिहीबारदेखि नै सगरमाथा आरोहण प्रभावित भएको पर्यटन विभागका निर्देशक मीरा आचार्यले जानकारी दिनुभयो ।

"मौसम प्रतिकुल हुँदा अहिले आरोहण भएको छैन", आधार शिविरबाट आचार्यले भन्नुभयो, "यतिबेला सयौँ आरोही आधार शिविरमा अनुकूल मौसमको पर्खाइमा हुनुहुन्छ ।" यस वर्ष वसन्त यामको सगरमाथा आरोहण गत वैशाख २४ गतेदेखि शुरु भएको थियो । उक्त दिन शेर्पा आरोहीको टोलीले बाटो बनाउने क्रममा शिखर पुगेसँगै व्यावसायिक आरोहण शुरु भएको पर्यटन विभागले जनाएको छ । त्यसपछि वैशाख २८ र २९ गते सयौँ आरोही सगरमाथाको शिखरमा पुगेका थिए । यो समयमा दुई विदेशी आरोहीको मृत्यु भएको छ ।

दुई दिनमा करीब १५० भन्दा बढी आरोहीले सगरमाथाको शिखरमा पाइला टेक्न सफल भएको अनुमान गरिए पनि कोरोना सङ्क्रमणका कारण यकिन तथ्याङ्क सङ्कलनमा समस्या भएको नर्देशक आचार्यको भनाइ छ । उहाँका अनुसार आमादब्लम हिमालको आरोहण सकिएको छ भने लोत्से, नुप्से लगायतको हिमाल आरोहण हुने क्रम जारी छ ।

मौसम अनुकूल नहुँदा वैशाख ३० गतेदेखि आरोहण प्रभावित भएको भन्दै उहाँले सबैलाई सुरक्षित स्थानमा रहन आग्रह गरिएको बताउनुभयो । मौसम अनुकूल हुने बित्तिकै पुनः शिखरतर्फ जाने क्रम शुरु हुने उहाँको भनाइ छ ।

अरब सागरको आँधीको प्रभाव नेपालमा पनि देखिने भएको हुँदा तत्काल हिमाल आरोहण नगर्न/नगराउन मौसमविद्ले सुझाव दिएका छन् । मौसमविद् मीनकुमार अर्यालका अनुसार हिमाल आरोहणमा गएकाहरू यो समयमा आधार शिविरभन्दा माथि नजाँदा राम्रो हुनेछ । यसको प्रभाव पश्चिमबाट क्रमैसँग पूर्वतर्फ सर्दै गएको हुँदा बिहीबारदेखि यसबारे प्रभाव बढी देखिने हुँदा उच्च सतर्कता अपनाउन आवश्यक रहेको उहाँको भनाइ छ ।

"भोलि पर्सिसम्म हिमालको माथिल्लो क्षेत्रमा गएकाहरू आधार शिविरमा झर्ने या सुरक्षित स्थानमा बस्नुपर्ने हुन्छ", मौसमविद् अर्यालले भन्नुभयो, "यो समयमा उच्च वेगको हावा, पानी र हिमपात हुने सम्भावना हुन्छ, त्यसैले सतर्कता अपनाउन आवश्यक छ ।" यस वर्षको वसन्त याममा सगरमाथासहितका हिमाल आरोहणका लागि ८५ समूहका ७४२ आरोहीले अनुमति पाएका छन् ।

# नयाँ शैक्षिकसत्र फेरि सर्न सक्ने

–प्रकाश सिलवाल
काठमाडौं, ३ जेठ (रासस)

दोस्रो लहरको कोरोना सङ्क्रमण बढ्दो रहेकाले दुई महिनापछि धकेलिएको नयाँ शैक्षिकसत्र आगामी असार १ गतेदेखि शुरु हुनेमा अन्योल देखिएको छ ।

गत वर्षको महामारीको प्रभावका आधारमा चालु शैक्षिकसत्र, २०७७ लाई जेठ मसान्तसम्म लम्ब्याएर असार १ गतेदेखि नयाँ शैक्षिकसत्र, २०७८ सञ्चालन गर्ने निर्णय गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ परिस्थितबारे आङ्कलन गरिरहेको छ ।

आइतबारसम्मको विवरणमा सङ्क्रमणबाट मृतकको सङ्ख्या चार हजार ८५६ पुगेको छ भने मुलुकभर सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख नौ हजार ७४० छ । महामारी नियन्त्रण र रोकथामका लागि मुलुकका ७३ जिल्लामा निषेधाज्ञा जारी छ । कोरोनाको दोस्रो लहरले बालबालिकालाई झन् बढी जोखिम हुने भएकाले निषेधाज्ञा जारी हुनु अगावैदेखि शिक्षालयहरूमा भौतिक उपस्थितिको पढाइ बन्द गराइएको छ । शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले नयाँ शैक्षिकसत्र असारदेखि हुने गरी शिक्षा नियमावालीमा भएको संशोधन नेपाल राजपत्रमा प्रकाशन भइसकेको र सोबमोजिम सम्बन्धित पक्षलाई सूचना पठाइएको बताउँदै नयाँ परिस्थितिबारे सरकारले निर्णय गरिनसकेको राससलाई जनाउनुभयो ।

अर्को निर्णय नभएसम्म विद्यालयहरूले असार १ गतेदेखि नै नयाँ शैक्षिकसत्र शुरु गर्नुपर्ने हुन्छ भने यसको व्यावहारिकता हेरेर पाठ्यवस्तुमा थप समायोजना गरी नयाँ भर्नाको नयाँ मिति तय गर्नुपर्ने देखिएको छ । विगतमा हरेक चैतमा वार्षिक परीक्षा समाप्त भई वैशाखमा नयाँ भर्ना हुँदै आएको थियो भने गत वर्ष शुरु भएको कोरोना महामारीका कारण अधिकांश महिना प्रत्यक्ष कक्षा बन्द भई वैकल्पिक प्रणालीको सिकाइ निरन्तरतामार्फत पाठ्यवस्तु समायोजन गरेर पठनपाठन गराइएको थियो । बन्दाबन्दीका कारण गत वर्ष पनि भदौ महिनासम्म नयाँ भर्ना हुन सकेको थिएन ।

कोभिड-१९ र यस्तै प्रकृतिका महामारीको अवस्थालाई सम्बोधन हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले शिक्षा नियमावली, २०५९ मा नवौं संशोधन, २०७७ गरी शैक्षिकसत्र परिवर्तनको अधिकार मन्त्राललाई प्रदान गरेको थियो । गत पुस १२ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नियुक्त भएपछि कृष्णगोपाल श्रेष्ठले उक्त नियमावली संशोधन गराउनुभएको थियो ।

नियमावाली संशोधनको उक्त सूचना नेपाल राजपत्रमा गत फागुन ३ गते प्रकाशन गरिएको थियो । शिक्षा ऐन, २०२८ (नवौं संशोधन) को दफा १९ ले दिएको अधिकार प्रयोग गरी संशोधित नियमावालीको नियम ८४ को (१) मा 'महामारी वा अन्य विपद् वा विकट हिमाली क्षेत्रका कारण शैक्षिकसत्र परिवर्तन गर्नुपर्ने अवस्था आएमा मन्त्रालयले गर्न सक्नेछ', भनिएको छ ।

विकट हिमाली क्षेत्र भन्नाले कालीकोट, जुम्ला, डोल्पा, मुगु, हुम्ला, मनाङ र मुस्ताङ मानिएको छ । ती विकट जिल्लामा यसअघि हरेक फागुनदेखि शैक्षिकसत्र शुरु हुँदै आएको थियो ।

नियमावलीको मूल नियम ८० मा संशोधन गरी 'महामारी वा अन्य यस्तै विपद् कारण पठनपाठन अवरुद्ध भई विद्यालयबाट स्थानान्तरण हुनु परेको विद्यार्थीले स्थानान्तारण भई आउन चाहेको स्थानको विद्यालयमा सो व्यहोरा खोली निवेदन दिएमा सम्बन्धित विद्यालयले त्यस्तो विद्यार्थीलाई स्थानान्तरण गर्नुपर्नेछ । सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्नेछ' व्यवस्था गरिएको छ ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष लक्ष्मण शर्माले अहिलेको अवस्थामा आगामी असार १ गतेदेखि नयाँ भर्ना गर्न सम्भव नभएको प्रतिक्रिया दिनुभयो । उहाँले अनलाइनलगायत वैकल्पिक माध्यमको सिकाइका लागि शिक्षक तयार रहे पनि सबै स्थानका विद्यार्थीसँग पहुँच नभएकाले महामारीको प्रभाव कम हुँदै गएमा आगामी भदौतिरबाट शैक्षिकसत्र शुरु गर्न सकिने बताउनुभयो । महामारीकै कारण माध्यमिक शिक्षा परीक्षा (एसइई) कक्षा १० र १२ को परीक्षा स्थगन भएका छन् । यी परीक्षा निर्धारण नभएसम्म पनि नयाँ शैक्षिकसत्रबारे निर्णय गर्न असुविधा हुने देखिएको छ ।

शहरी क्षेत्रका निजी विद्यालयले भने सरकारको शुल्क उठाउन आफूखुशी नयाँ भर्ना शुरु गर्ने तयारी गरेका छन् । शिक्षा मन्त्रालयले गत जेठ १८ गते जारी गरेको 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' बमोजिम टेलीभिजन र रेडियोबाट पनि पाठ्यवस्तुमा आधारित सामग्री प्रसारण हुँदै आएका छन् । कक्षा १ देखि १२ सम्म सामुदायिक विद्यालयमा ५० लाख २८ हजार ८३ र निजी लगानीका विद्यलायमा १९ लाख ९३ हजार ५३९ गरी ७० लाख २१ हजार ६२२ विद्यार्थी छन् । फ्ल्यास रिपोर्ट, २०७६ अनुसार मदरसा, गुम्बा र गुरुकूलतर्फ एक हजार १२९ विद्यालय छन् ।

पाठ्यपुस्तकको मूल्यसूचि पुरानै

सरकारले आउँदो शैक्षिकसत्रका लागि पनि कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकको मूल्यसूची यथावत् कायम राखेको छ । शिक्षा मन्त्रालयले चालु शैक्षिकसत्र, २०७७ का लागि स्वीकृत गरेको मूल्यसूची शैक्षिक वर्ष २०७८ का लागि पनि कायम रहने गरी पाठ्यक्रम विकास केन्द्रले सूचना प्रकाशन गरेको छ ।

# प्रदेश सरकारको सहयोगमा सोलार बत्ती

पोखरापत्र संवाददाता
लमजुङ, ३ जेठ

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा क्व्होलासोथर गाउँपालिकाले ४१ वटा सोलार बत्ती वितरण गरेको छ । गाउँपालिकाले आज वडा नं ३ घलेगाउँ, वडा नं ४ भुजुङ र वडा नं ५ सिंदीमा सोलार बत्ती वितरण गरेको हो ।

गाउँपालिकाका अनुसार घलेगाउँमा पाँच, भुजुङ र सिंदीमा १८/१८ वटा गरी ४१ वटा सोलार बत्ती वितरण गरेको हो । पर्यटकीय गाउँ र रातिको समयमा यहाँका विभिन्न गाउँमा आउने पर्यटकदेखि स्थानीयलाई असहज भएकाले सहजताको लागि सोलार बत्ती वितरण गरिएको गाउँपालिका अध्यक्ष प्रेमबहादुर घलेले बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटकीय गाउँ भुजुङ, घलेगाउँ र सिंदीलाई सोलार वत्ती वितरण गर्ने निर्णय गरिएको हो ।" सोलार बत्ती जडान भएपछि बत्ती गएको सयमामा पनि पाहुनाको स्वागत सत्कारसँगै सार्वजनिक कार्यहरू सञ्चालन गर्न सहज हुने अपेक्षा गरिएको छ । साथै, राति हुने विभिन्न घटनामा सोलार बत्तीले स्थानीयलाई धेरै सहज पुग्ने बताइएको छ । ती सोलारहरू ती गाउँका मुख्य बाटो, सार्वजनिक स्थल पार्टी पौवामा सोलार बत्ती जडान गरिने भएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७७/७८ मा विनियोजन गरेको रु ५० लाखबाट सोलार बत्ती खरीद गरी वितरण गरेको गाउँपालिकाले जनाएको छ । सोलार बत्ती जडानपश्चात् रातिको समेमा बिजुली नहुँदा समेत धेरै सहज तथा सुरक्षा महशुस हुने भन्दै ती गाउँका स्थानीयवासीहरू उत्साहित एवं हर्षित भएका छन् । घरवास पर्यटनका लागि प्रसिद्ध घलेगाउँ, भुजुङमा धेरै पर्यटक आउने गर्दछन् ।

# तेह्र भूमिहीन लालपुर्जाका मालिक

पोखरापत्र संवाददाता
तनहुँ, ३ जेठ

तेह्र भूमिहीन भूकम्पपीडित लाजपुर्जाका मालिक बनेका छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइले भूमिहीन लाभग्राहीलाई आवास निर्माणका लागि जग्गा उपलब्ध गराएपछि लालपुर्जा पाएका हुन् । विगत लामो समयदेखि भूमिहीन लाभग्राहीले पुर्जा पाएपछि खुशी भएका छन् ।

प्राधिकरणले भूमिहीन तथा जोखिमयुक्त बस्तीबाट सुरक्षित हुन चाहने भूकम्पपीडितलाई घडेरी खरीद गर्न रु दुई लाख उपलब्ध गराउने प्रावधानअनुरुप उपलब्ध गराएको थियो । लालपुर्जा खरीद गर्न रकम पाउने प्रावधानअनुसार जग्गा खरीद गरेर १३ जनालाई हस्तान्तरण गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइका कम्प्युटर अपरेटर सुजन तिवारीले जानकारी दिनुभयो । तिवारीका अनुसार लालपुर्जा प्राप्त भइसकेपछि आवास अनुदानका लागि रु तीन लाख पाउनेछन् । प्राधिकरणबाट जग्गा खरीदका लागि थप रकम रु दुई लाख लिएका लाभग्राहीले १० वर्षसम्म जमीन तथा घरलाई बिक्री गर्न नपाउने व्यवस्था रहेको सो कार्यालयले जनाएको छ । आफ्नो नाउँमा लालपुर्जा लिने सपना पूरा भएकामा निकै खुशी लागेको बन्दीपुर गाउँपालिका-६ धरमपानी निवासी आइतमाया भुजेल र दलमाया भुजेलले जानकारी दिनुभयो ।

त्यसैगरी जिल्लामा जोखिम वर्गका ५८ लाभग्राहीलाई थप रु ५० हजार प्रदान गरिने भएको छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधिअनुसार ७० वर्षमाथिका ज्येष्ठ नागरिक, ६५ वर्ष नाघेका अशक्त एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा १६ वर्षमुनिका नाबालिगलाई जोखिम वर्गका लाभग्राहीका रूपमा लिने गरिएको छ ।

# देशभर कोरोना कहर, पोखरालाई पर्यटनकै पिर

–वासुदेव पौडेल

गण्डकी, ३ जेठ (रासस)

अघिल्लो वर्ष विश्वव्यापी फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रभावका बाबजुद जेनतेन व्यवसायसम्म जोगाएर बसेका पोखराका पर्यटन व्यवसायी पुनः दोस्रो लहरको महामारीबाट भने मर्माहत भएका छन्। कोरोना भाइरसको दोस्रो लहर बस्ती बस्तीसम्मै फैलिन थालेसँगै यहाँका व्यवसायी व्यवसाय डुब्ने चिन्तामा परेका हुन्।

पोखराको पर्यटनमा सम्भावना देखेर नै लगानी गर्न हौसिएका व्यवसायीलाई अहिले भने के गरौँ कसो गरौँ भन्ने भएको छ। ढपक्क हिउँले ढाकिएको चाँदीजस्तै टलक्क टल्कने माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमाल र यहाँको सुन्दर शहरमा विदेशी पर्यटकलाई सेवा दिएर लोभ्याउने व्यवसायी यतिखेर कोरोना कहरको पिरालोमा परेका छन्। स्वदेशी र विदेशी पर्यटकहरू ओइरिएर रमाइलो गर्ने गरेको पोखरा अहिले सुनसान छ। लाग्छ यहाँको यो सुन्दरता पनि अहिले त फिक्का जस्तै बनेको छ। फेवा, वेगनासलगायत वरपरका तालतलैयामा टलपलाइरहेको पानीले अहिले पर्यटकको स्वागत गर्न पाएको छैन। यो समयमा भरिभराउ हुने यहाँका होटल सुनसान छ भने संसारका पर्यटकको मन लोभ्याउने यहाँका प्राकृतिक छटाले आफ्नो सुन्दर स्वरुप कसैलाई देखाउन पाएका छैनन्।

गतवर्ष एक पछि अर्को याम हुँदै पोखराको पर्यटनका सबै यामहरू कोरोनाकै कारण सुनसान बने। यस वर्ष भने यहाँका पर्यटन व्यवसायीलाई जनवरीदेखि शुरु हुने पर्यटनको याममा केही न केही पर्यटक आउने आशा थियो। त्यही आशा एवं विश्वासका साथ यहाँका पर्यटन सम्बद्ध संघ संस्थाहरूको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम समेत सम्पन्न भए। विस्तारै पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउने आशा बढीरहेका अवस्थामा एकाएक फैलिएको दोस्रो लहरको कोरोना कहरले आँफूहरूलाई थप चिन्तित बनाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताउनुभयो। "दोस्रो लहरसँगै अब व्यवसायलाई कसरी बचाउने भन्ने गम्भीर चिन्ता छ", उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थासँग लिएको ऋण कसरी तिर्ने भन्ने समस्याले व्यवसायीलाई अहोरात्र ग्रसित बनाएको छ।" सरकारले अब ल्याउने बजेटमा व्यवसायलाई बचाउने केही न केही उपाय समेट्नुपर्नेमा जोड दिँदै उहाँले बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण तत्काल तिर्नसक्ने अवस्था नभएका कारण ऋणको म्याद अवधि न्यूनतम दुई वर्ष थप्नुपर्ने बताउनुभयो। व्यवसायलाई बचाउनु नै अहिलेको आवश्यकता भएका कारण बैंक तथा वित्तीय संस्थामा लिइने ऋणको व्याजदर पाँच प्रतिशत बनाउने तर्फ नेपाल राष्ट्र बैंकले पहलकदमी गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

व्यवसाय रक्षाका लागि अघिल्लो वर्ष मौद्रिक नीति मार्फत सम्बोधन गर्न खोजिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउँदै उहाँले प्रदेश सरकारले राखेको व्यवसाय जीवन रक्षा कोषको पनि प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। व्यवसायको रक्षाका लागि राज्यबाट दिइने सेवा सुविधा साना तथा मझौला सबै किसिमका व्यवसायीले पाउनुपर्ने भट्टराईको भनाइ छ।

व्यवसायीहरूले पर्यटन व्यवसायलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न माग गरेका छन्। ट्रेकिङ एजेन्सिज् एशोसिएसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय संघका प्रथम उपाध्यक्ष एवं होटेल एसिया, लेकसाइडका सञ्चालक धर्मराज पन्थीले सङ्कटग्रस्त पर्यटन क्षेत्रलाई जोगाउने गरी सरकारले नीति तथा कार्यक्रम एवं बजेट ल्याउनुपर्ने बताउनुभयो। पर्यटन क्षेत्र अझै पनि राज्यको प्राथमिकतामा पर्न नसकेको र सर्वसाधारणसँग प्रत्यक्ष सम्पर्कमा रहने पर्यटन व्यवसायीलाई हालसम्म पनि कोरोनाको भ्याक्सिन नदिइएको उहाँले बताउनुभयो।

"स्वास्थ्य सुरक्षा सजगताका लागि पर्यटन व्यवसायीलाई स्वास्थ्य, सुरक्षा, सञ्चार जस्तै क्षेत्रका व्यक्तिलाई झैं प्राथमिकताका साथ भ्याक्सिन लगाउनुपर्ने भए पनि त्यो अझै हुन सकेको छैन", उहाँले भन्नुभयो। व्यवसायीका अनुसार हाल पोखरामा सात सय पर्यटकीय होटेलसहित पर्यटकीय क्षेत्रमा खर्बौंको लगानी रहेको छ। कोरोना कहरका कारण व्यवसाय बन्द हुँदा यहाँको पर्यटनले दैनिक करोडभन्दा बढी घाटा भोगिरहेको छ। अघिल्ला वर्षहरूमा नियमित मात्र नभएर अघिल्लो वर्ष नेपाल भ्रमण वर्ष, गण्डकी प्रदेश भ्रमण वर्ष आदिका नाममा यहाँका पर्यटन व्यवसायीले अधिकतम पर्यटक भित्राउने लक्ष्यका साथ ठूलै लगानीमा पूर्वाधारहरू निर्माण गरेका थिए। पोखराको पर्यटकीय आकर्षणलाई दृष्टिगत गरी गण्डकी प्रदेश सरकारले सङ्घीय सरकारसँग पर्यटनको राजधानी घोषणा गर्न माग गरिसकेको छ।

तथ्याङ्कअनुसार पोखराका होटेल तथा रिसोर्टमा ७०० व्यवसायी आवद्ध छन्। यस व्यवसायमा पर्यटन व्यवसायीको आफ्नो लगानी ५० अर्ब छ भने बैंकको लगानी ७५ अर्ब छ। यस व्यवसायबाट १२ हजार २ ९८ जनाले रोजगारी पाएका छन्।

त्यस्तै रेष्टुरेन्ट तथा बार तर्फ एक सय जना व्यवसायी आवद्ध छन्। यसमा एक अर्ब व्यवसायीको आफ्नै लगानी छ भने तीन अर्ब बैंकको लगानी छ। ट्रेकिङ एजेन्सिज तर्फ १५९ व्यवसायी आवद्ध भएका छन् जस मध्ये ३२ करोड रुपैयाँ व्यवसायीको आफ्नै लगानी छ भने ४२ करोड ९७ लाख ६० हजार बैंकको लगानी छ। यसबाट एक हजार २७२ जनाले रोजगारी पाएका छन्।

ट्राभल्स एजेन्सिज तर्फ १८१ जना व्यवसायी आवद्ध भएकोमा उनीहरूको आफ्नै लगानी ७९ करोड ७५ लाख ५० हजार रुपैयाँ छ भने १८ करोड ६० लाख ९५ हजार बैंकको लगानी छ। पोखरामा पर्यटन सम्बद्ध प्याराग्लाइडिङ तथा अल्ट्रालाइट, ट्रेकिङ इक्युपमेन्ट सप, इम्ब्रोडयरी एण्ड गार्मेन्ट सप, पर्यटक यातायात व्यवसायी, गाउँ पर्यटन, पर्वतारोहण आदिमा व्यवसायीको करौडौं रुपैयाँ लगानी छ भने बैंकको लगानी पनि त्यत्तिकै रहेको छ। पोखरामा सबै किसिमका पर्यटनसम्बद्ध व्यवसायमा झण्डै २१ हजार जनशक्तिले रोजगारी पाएका छन्। कोरोना कहरका कारण व्यवसाय नै बन्द हुँदा यस क्षेत्रमा खटिने जनशक्तिलाई कसरी जोगाउने भन्ने चिन्ता थपिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष भट्टराईको भनाइ छ।

पोखरामा आन्तरिक पर्यटकका साथै चिनियाँ र युरोपेली मुलुकबाट विदेशी पर्यटक ठूलै सङ्ख्यामा आउने गर्दथे। नेपालमा समय समयमा पर्यटन क्षेत्रले विभिन्न व्यवधान झेल्ने गरेको भए पनि यस पटक भने कोरोना कहरले लामै समय समस्या भोग्नुपरेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले बताउनुभयो। विसं २०७२ को विनाशकारी भूकम्पसहित त्यसयता भएका नाकाबन्दी, टर्किस् एयरको जहाज दुर्घटना, अन्नपूर्ण क्षेत्रको हुदहुद आँधी, डेङ्गु, बर्डफ्लू, बाढीपहिरोजस्ता धेरै घटनाक्रमले यहाँको पर्यटन क्षेत्र प्रभावित भए पनि यति लामो समयसम्म पर्यटन क्षेत्र ठप्प बनेको भने पहिलो पटक भएको व्यवसायीको अनुभव छ।

कोरोना कहरको यस समयमा राज्यका नागरिकको जीवन रक्षा राज्यको पहिलो प्राथमिकतामा पर्नुपर्ने बताउने पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष एवं नेपाल पर्यटन व्यवसायी सङ्घ (निट) गण्डकी प्रदेशका अध्यक्ष सोम थापा गम्भीर सङ्कटमा परेका पर्यटनजन्य व्यवसायलाई धान्नका लागि राज्यको तत्काल ध्यान पुग्नुपर्ने बताउनुहुन्छ।

कोरोनाको दोस्रो लहर झन् डरलाग्दो किसिमले आएको बताउँदै उहाँले महामारीसँग बच्नका लागि सचेतता अपनाउनुको विकल्प नभएको बताउनुभयो। यसको मारमा खासगरी पोखराको पर्यटन क्षेत्र बढी नै मर्कामा परेको उहाँले गुनासो गर्नुभयो। उहाँले भन्नुभयो "गतवर्षको चैत महिनाबाट देशमा लगभग बन्दाबन्दीकै अवस्था जारी नै छ। बीचमा केही खुलेजस्तो भए पनि केही महिनापछि फेरि अहिलेको दोस्रो लहरले यहाँको व्यवसायमाथि नै धावा बोलेको देखिन्छ। यस्तो अवस्थामा केही पनि गर्न नसक्ने जस्तो अवस्थामा बसेका छौँ, त्यसैले हामीलाई राज्यको साथ र सहयोग चाहिन्छ।"

पोखरामा पछिल्ला वर्षमा सन् २०१८ मा ११ लाख ७३ हजार विदेशी पर्यटक आएका थिए भने सन् २०१९ मा ११ लाख ९७ हजार विदेशी पर्यटक नेपाल भित्रिएका थिए। नेपाल आउने पर्यटकमध्ये पोखरा क्षेत्रमा करिब ४० प्रतिशत आउने गरेका छन्। दृश्यावलोकनका साथै पोखरा र आसपासमा सञ्चालन हुँदै आएका प्याराग्लाइडिङ, बन्जी जम्प, जीपलाइन लगायतमा कोरोना कहरले प्रत्यक्ष प्रभाव पारेको छ। यसका साथै पोखरा हुँदै जाने अन्नपूर्ण, मर्दी जस्ता चर्चित पदमार्ग र आसपासमा सञ्चालित घरबास आदि कोरोना कहरको दोस्रो लहरले प्रत्यक्ष प्रभावित भैरहेको व्यवसायी बताउँछन्।

नेपाल भ्रमण वर्ष सन् २०२० मा नेपालमा कम्तीमा २० लाख पर्यटक भित्र्याउने गरी नेपाल सरकारले घोषणा गर्‍यो र तयारी थाल्यो। त्यस कार्यक्रमलाई लक्ष्य गरेर पोखराका पर्यटन व्यवसायीहरूले पनि अरबौं रुपैयाँ लगानी गरे तर त्यो लगानी सबै खेर नै गएको छ भन्दा हुन्छ। सोही वर्षका लागि लक्ष्य गरेर निर्माण भएका भौतिक संरचनादेखि अन्य पूर्वाधारहरूका लागि लिएको बैंकको व्याज तिर्न नसक्ने अवस्थामा नै पर्यटक पुगेको उनीहरूको गुनासो। यसरी देशभरि कोरोनाको कहर छ र नागरिकको ज्यान गइरहेको छ। तर पनि पोखरेलीलाई भने पर्यटनकै पिर परेको छ।

# स्थानीयवासीको प्रयासमा चम्किएको च्यवनधाम

–कृष्ण न्यौपाने

दमौली, ३ जेठ

पृथ्वी राजमार्ग नजिकै छ सेती नदीको किनार। जताततै ढुङ्गैढुङ्गा। दिउँसो पनि एक्लै हिँड्न डराउनुपर्ने अवस्था। नदीको तिरसम्म पुग्न साँघुरो गोरेटो थियो, मुस्किलले आउजाउ गर्न सकिने। उराठलाग्दो देखिने गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरुप एक दशकमा फेरिएको छ। दिउँसै डरलाग्दो त्यो नदी छेउको थुम्को अहिले पवित्र धाम बनेको छ। अहिले झकिझकाउ मन्दिर छ। त्यही स्थान अहिले धार्मिक पर्यटकको गतिलो गन्तव्य बनेको छ।

पहिले एक्लै हिँड्न पनि डरलाग्ने कुरुप साँघुरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बनेको छ। तनहुँको शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीका स्थानीयको पहलले यो ठाउँ तनहुँकै चर्चित धार्मिकस्थल बन्दैछ। नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ) नामले चिनिन थालिसकेको छ। यस ठाउँ भगवान शिवजी प्रति आस्थावान् भक्तजनको आकर्षणको केन्द्र बनेको छ। हिन्दू धर्मको मात्र होइन च्यवनधाम बौद्ध धर्मलम्वीहरूको पनि आस्थाको थलो हो। विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले हडप्न नखोजेको भए यो परिवर्तन सम्भव थिएन। "यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको थियो। गण्डकीको तिरसम्म पुग्ने बाटो पनि नहुने भएपछि संरक्षणमा हामी लाग्यौँ," मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामका सचिव दुर्गादत्त सापकोटा भन्नुहुन्छ, "जग्गा संरक्षण गर्न भुलभुले बाराही एकता समाजले वृक्षारोपण गर्‍यो। यहीँको पुन मगर समाजले तारबार लगाए।" पुन मगर समाजले तारबारमा साथ दिनुको कारण उनीहरूको अन्तिम घर अर्थात चिहान त्यही आडैमा थियो।

जग्गा संरक्षणको दुई वर्षपछि विसं २०६७ सालमा काठमाडौं बस्दै आउनुभएका ऋषिगुरु श्रीराम पौडेलसँग स्थानीयको सम्पर्क भयो। पौडेलले सेतीको तिर तपोभूमि भएको सुनाउनुभयो। त्यसो त शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिको रूपमा पनि परिचित थियो। "गुरुले मुक्तिनाथमा गएर ध्यान बस्दा यहाँको वस्तुस्थिति देखेको सुनाउनुभयो। उहाँले नै तपोभूमि बन्छ भनेपछि हामीले मन्दिरको अवधारणा बनायौ," सापकोटा विगत सम्झदै भन्नुहुन्छ। त्यही वर्षको कात्तिकमा मन्दिर सहितका पूर्वाधार निर्माणका लागि लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो। माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरियो। समिति मन्दिर बनाउन कस्सिएपनि आर्थिक अभाव आइलाग्यो। देशभर आर्थिक सङ्कलनका लागि महायज्ञ गर्ने परम्परा चलेको बेला त्यसैलाई अनुसरण गर्ने उपाय निकाल्यो उक्त समितिले। पूर्वाधार निर्माणमा आर्थिक सङ्कलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० गतेदेखि १७ गतेसम्म सञ्चालन भएको महायज्ञमा रु एक करोड ५० लाख सङ्कलन भएपछि मन्दिरमा पूर्वाधार निर्माणको काम शुरु भएको हो। महायज्ञमा उठेको रकमले समितिलाई हौसला थपेको सापकोटाले सुनाउनुभयो। महायज्ञ लगाएको छ महिनापछि विसं २०६८ कत्तिकमा मन्दिर शिलान्यास भयो र पूर्वाधार निर्माण शुरुभयो। च्यवनधाम परिसरमा अहिले आकर्षक शुक्लेश्वर महादेव मन्दिर छ। मन्दिरको छानो तामाको छ। शुक्लेश्वरको आसपासमा सूर्य नारायण, लक्ष्मी नारायण, दुर्गा भवानी र गणेशको मन्दिर छ। यहाँ मुक्तिनाथकै झल्को दिने एक सय आठ धारा, एक सय आठ ओमकार कल्पवृक्ष, एक सय आठ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायतका संरचना छन्। च्यवनधाम परिसरमा बौद्ध गुम्बा छ। गुम्बाले एक अर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने सापकोटाको भनाइ छ।

मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रु तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी गरिएको छ। उक्त रकम दान सङ्कलनसँगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि उपलब्ध गराएका छन्। "च्यवनधाममा पूर्वाधार थप्दै गएपछि आन्तरिक पर्यटकको उत्कृष्ट केन्द्र बन्नेछ," सापकोटाले भन्नुभयो। मन्दिरमा अझै पनि पूर्वाधार थप गर्ने योजना छ। त्यसका लागि तीन तहका सरकारसँग सहयोग मागिनेछ। सरकारी निकायबाट सहयोग आइरहेपनि जति सहयोग आउँछ त्यो भन्दा दोब्बर तेब्बर खच समितिले गरेको उहाँले सुनाउनुभयो। मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष अर्जुन लम्सालले धाम परिसारमा योजनाअनुसार निर्माण गरिने बताउनुभयो। "गुम्बाको तलपट्टी मिनी चिडियाखाना बनाउने योजना बनाइएको छ। गण्डकीको तिरको ढिस्कोको माथिपट्टी हनुमानको मूर्ति र त्यसको तलपट्टी शनि देवताको मूर्ति बनाउने योजना छ। च्यवनधाममा नयाँ वर्ष, साउने सोमबार, कृष्ण अष्टमी, बाला चतुर्दशी र शिवरात्रीमा भक्तजनको बढी घुइँचो लाग्छ। प्रत्येक वर्षको साउन महिनामा शिवपुराण लगाउने गरिएको छ। उहाँका अनुसार साउनमा प्रत्येक सोमबार र शिवरात्री पर्वको बेला यहाँ दैनिक पाँच हजार बढी भक्तजन भेला हुन्छन्। च्यवनधाममा रहेको शुक्लेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गरेपछि सन्तान नभएकालाई सन्तान प्राप्ति हुने जनविश्वास रहेको छ। यो वर्ष गण्डकी प्रदेश सरकारको लगानीमा रु २५ लाख खर्च गरी यहाँ रहेको एक सय आठ धाराको माथिपट्टी कृत्रिम हिमाल निर्माण गरिएको छ। कृत्रिम हिमाल बनाएपछि मन्दिरमा आन्तरिक पर्यटकको सङ्ख्या बढ्न थालेको मन्दिर व्यवस्थापन समितिका सहसचिव अस्मिता खनाल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "कृत्रिम हिमालले आन्तरिक पर्यटकमा वृद्धि हुने लक्षण देखाइसकेको छ।"

यही बाटो भएर तनहुँकै प्रसिद्ध धार्मिकस्थल ढोरबाराही मन्दिर पुगिन्छ। ढोरवाराही जाने धार्मिक पर्यटक पनि च्यवनधाममा आउने गरेको उहाँको भनाई छ। ढोरबाराही र च्यवनधामलाई जोडेर प्रचार गर्न सके दैनिक हजारौं धार्मिक पर्यटक भित्र्याउन सकिनेमा खनाल विश्वस्त हुनुहुन्छ। मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम ट्रेकको शुरुआती विन्दु हो। सन् २००० देखि शुरु भएको तनहुँ र स्याङ्जालाई जोड्ने ७२ किलोमिटर दूरीको मिलेनियम ट्रेक यहीँबाट शुरु हुने भएकाले पनि पर्यटनमा यथेष्ट सम्भावना छ। च्यवनधामको नजिकै सेती नदीमा बग्ने पानीको वहावले कुँदेर बनाएको प्राकृतिक ढुङ्गे बगैँचाले जोकोहीलाई लोभ्याउन सक्छ। च्यवनधाम र ढुङ्गे बगैचामा म्युजिक भिडियो छायाङ्कन गर्ने लहर पनि बढेको छ।

च्यवनधामलाई तनुहँकै उत्कृष्ट गन्तव्य बनाउन स्थानीयवासीसँग स्थानीय सरकारले हातेमालो गरिरहेको वडाध्यक्ष जगतबहादुर गुरुङले बताउनुभयो। मिनी मुक्तिनाथको अवधारणा भएको हुँदा पूर्वाधार निर्माणमा नगरले वर्षेनि बजेटको व्यवस्था गरेको उहाँले सुनाउनुभयो। "पूर्वाधार बनेपछि प्रचारप्रसारमा जोड दिन्छौँ", उहाँले भन्नुभयो, "वरपरका गन्तव्यसँगै मुक्तिनाथ पुग्ने पर्यटकलाई च्यवनधाममा आउने वातावरण बनाउँछौं।"

# गोरखा अस्पतालमा अक्सिजन प्लान्ट जडान

–दीपक श्रेष्ठ

गोरखा, ३ जेठ (रासस)

गोरखा अस्पतालमा अक्सिजन प्लान्ट जडानको काम आज सम्पन भएको छ। करीब रु ४९ लाख को लागतमा अक्सिजन प्लान्ट जडान गरिएको अस्पतालले जनाएको छ।

भूकम्पले क्षति पुऱ्याएको अस्पतालको नयाँ भवन निर्माणको काम भइरहेकाले तत्कालका लागि कोरोना सङ्क्रमित बिरामीको उपचार गर्न अक्सिजनको अभाव हुन नदिन अस्थायी पाइप लाइन जडान गरी मेसिन सञ्चालन गर्ने गरी प्लान्ट जडान गरिएको अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले बताउनुभयो। "आइसियु शय्या सञ्चालनका लागि भवन नभए पनि निर्माणाधीन भवनको बन्न लागेको क्यान्टिनमा एचडियु शय्या जडानको काम भइरहेको छ", उहाँले भन्नुभयो, "त्यहाँसम्मका लागि अस्थायी पाइपमार्फत भएपनि बिरामीलाई अक्सिजन दिन सक्ने गरी प्लान्ट सञ्चालन गर्न मेसिन जडान सम्पन्न गरिएको छ।" अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्टबाट बिरामी भएको शय्यामा सिधै अक्सिजन दिन सकिने उहाँले जानकारी दिनुभयो।

सूचना अधिकारी ढकालले मेसिन जडानको काम सकिएको भएपनि शय्यासम्म अस्थायी पाइप लाइन निर्माणका लागि बढीमा दुई दिन अझै लाग्ने बताउनुभयो। "ठेकेदार कम्पनीले नै प्राविधिक झिकाएर अस्थायी पाइप लाइन निर्माण गर्न लागेको छ", उहाँले भन्नुभयो, "आगामी मङ्गलबारसम्ममा पाइप लाइन जडानको काम पनि सकिन्छ भन्ने छ।" अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्टबाट प्रतिमिनेट ८० लिटर ग्यास उत्पादन गर्न सक्ने प्राविधिकले जानकारी गराएको सूचना अधिकारी ढकालले बताउनुभयो। यो मेसिनबाट सिधै पाइपलाइन जडान गरी बिरामी भएको स्थानमा पोर्टहरू राखेर बिरामीलाई अक्सिजन दिन सकिने बताइएको छ। जडान गरिएको मेसिनले एकै पटकमा बढीमा १० बिरामीलाई अक्सिजन दिन सकिने छ। अक्सिजन प्लान्ट जडान भएपनि अस्पताललाई धेरै सजिलो हुने ढकालले विश्वास व्यक्त गर्नुभयो। 'बिरामीलाई कति अक्सिजन आवश्यक पर्छ भन्नेमा भर पर्छ, उहाँले भन्नुभयो, 'थोरै अक्सिजन मात्र आवश्यक पर्ने अवस्थामा अझ धेरैलाई पनि एकैपटक दिन सकिने हुन्छ।' गण्डकी प्रदेश सरकारले रु ७५ लाख बजेट विनियोजन गरेको भएपनि मन्त्रालयको तोकेको मापदण्डभित्र निर्माण गर्ने गरी ठेकेदार कम्पनीले रु ४९ लाखमा बोलपत्र पारेको थियो। भूकम्पले क्षति पुऱ्याएको अस्पताल भवन निर्माण समयमा सम्पन्न नहुँदा अक्सिजन प्लान्ट पनि जडानको काम पनि ढिलाइ भएको हो। अझै पनि भवन निर्माण सम्पन्न नभएकाले तत्काल कोरोनाका बिरामीहरूको उपचारका लागि अक्सिजनको अभाव हुन नदिन निर्माण गरिएको अस्थायी आइसोलन कक्षमा अस्थायी रूपमै पाइप लाइन जडान गरेर प्लान्ट सञ्चालनमा ल्याउन लागिएको हो। "स्थायी संरचना निर्माण भएपछि स्थायी रूपमा नै जडान गरी सञ्चालन गर्ने भन्ने थियो", उहाँले भन्नुभयो, "कोभिडको महामारीका बेला जिल्ला अस्पतालमा अक्सिजनको अभाव हुन सक्ने भएकाले अस्थायी रूपमा मात्र भने पनि सञ्चालन गर्नुपर्छ भनेर मेसिन जडान गरिएको हो।" सूचना अधिकारी ढकालका अनुसार गोरखा अस्पतालमा १२ वटा नयाँ एचडियू शय्या जडान गरिएको छ। "तत्कालका लागि अस्पतालभित्र १८ वटा शय्या राख्न सकिने अबस्था छ", उहाँले भन्नुभयो, "बाँकी काम पनि केही दिनभित्रै सम्पन्न हुन्छ।" गोरखा अस्पतालमा केही दिनअघि शय्या अभावमा कोभिडका बिरामीलाई बेञ्चमा राखेर उपचार गर्नु परेको समाचार सार्वजनिक भएपछि एचडियु शय्या जडानको काम थालिएको हो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि. स. २०११/१०/१६ गते

स्वर्गारोहणः
वि.स. २०७८/०२/०२ गते

स्वः मिम कुमारी गुरुङ

लामडाडा कास्की पोखरा-२० घर भई हाल पोखरा-१३ लामोडहर निवासी यस टोल विकास संस्थाका कोषाध्यक्ष सु. दुर्गा बहादुर गुरुङको धर्मपत्नी **मिम कुमारी गुरुङ**को ६७ वर्षको उमेरमा भएको असामयीक निधनको आज तेस्रो दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

अध्यक्ष एवं
लामोडहर टोल विकास संस्था परिवार
पोखरा-१३